सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## प्रेस विज्ञप्ती

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९ साल चैत्र २८ गते मङ्गलबारका दिन गाउँपालिका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को बाह्रौं गाउँ कार्यपालिका बैठकका महत्वपूर्ण निर्णयहरु ।

१) आगामी आ.व.मा सञ्चालनका लागि अत्यावश्यक आयोजना तथा कार्यक्रमहरु प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय, लुम्वीनी प्रदेश सरकार, रासी उपत्यका (देउखुरी), दाङमा समपुरक आयोजना तथा कार्यक्रमहरु माग गर्ने ।

२) उपाध्यक्षज्यूबाट पेश भएको चालु आ.व.को हालसम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन स्वीकृत गर्ने ।

३) श्री सरस्वती प्राथमिक विद्यालय वडा नं. ४ बाग्मा र श्री लिस्नी प्राथमिक विद्यालय वडा नं. ८ अफले पोखरालाई ६ कक्षा सञ्चालनका लागि अनुमति प्रदान गर्ने ।

४) हृदयश्वरी आधारभूत विद्यालय वडा नं. २ हिलेबाट रेट्रोफिटीङ सम्बन्धी काम गर्ने ठेकेदार काम सम्पन्न भएता पनि का.स. पेश नगरी काठमाण्डौ गएको हुदाँ विद्यालयमा समस्या देखिएकोले का.स. सहजीकरण गरिदिनुहुन भनि वि.व्य.स. को निर्णय प्रतिलीपि सहित निवेदन पेश भएको हुदाँ गाउँपालिकाको योजना अनुगमन समिति सहितको प्राविधिक टिमबाट रेट्रोफिटिङ सम्बन्धी कामको नापजाँच गरी प्रतिवेदन पेश गर्ने ।

५) बराहक्षेत्र प्राथमिक विद्यालय वडा नं. ४ धनचौरको अधुरो भवन निर्माण कार्य तत्काल अगाडि बढाउने ।

६) गाउँपालिकाबाट तयार भएका नगर प्रहरीका लागि पोशाक र व्याच छनौट गरी स्वीकृत गर्ने ।

७) गाउँ शिक्षा समितिमा रित्त सदस्य पदमा गाउँसभा सदस्य तथा वडा नं. ५ का वडा सदस्य श्री संगिता वि.क.लाई मनोनीत गर्ने ।

८) वडा नं. १ थुम्पाकी लेख र वडा नं. ८ सल्लेकुनामा वालविकास केन्द्र स्थापना गर्ने ।

९) अवकास लिएका कर्मचारीहरुलाई उपदान प्रदान गर्ने ।

.....................

(पवन कुमार कवर)

प्रवक्ता

"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्प : दिगो विकास र सुशासन मात्र विकल्प"